*Nepali*

# Public Libraries

**तपाईंको सार्वजनिक पुस्तकालय यहाँलाई स्वागत गर्दछ !**

न्यू साउथ वेल्समा रहेका सार्वजनिक पुस्तकालयहरु नि:शुल्क छन् ।

सँगै आउनुहोस् र पत्ता लगाउनुहोस्:

- थुप्रै विषयका पुस्तकहरु – कला, खेलकुद, संगीत, विज्ञान र थप
- आनन्दको लागि पुस्तक पढ्न, जस्तै उपन्यासहरु र साहसिक कथाहरु
- समाचारपत्रहरु, पत्रपत्रिकाहरु, डिभिडि र सिडीहरु
- बालबालिकाका पुस्तकहरु
- अंग्रेजी सिक्नका लागि पुस्तकहरु तथा अन्य संसाधनहरु
- इन्टरनेटमा पहुँच
- वयस्क र बालबालिकाहरुका लागि अंग्रेजी भन्दा बाहेकका भाषामा पुस्तकहरु
- ठाउँहरु जहाँ तपाईंले अध्ययन गर्न सक्नुहुन्छ, वा जहाँ तपाईंले बसेर पढ्न सक्नुहुन्छ।

सबै सार्वजनिक पुस्तकालयहरुबाट NSW को स्टेट पुस्तकालयबाट ४० भन्दा बढी भाषाहरुमा पुस्तकहरु उपलब्ध छन् । यदि तपाईंको पुस्तकालयको शेल्फमा तपाईंको भाषामा पुस्तकहरु छैन भने, पुस्तकाध्यक्षसँग तपाईंको लागि स्टेट पुस्तकालयबाट केही पुस्तकहरु ल्याउनको लागि भन्नुहोस् ।

**यो नि:शुल्क सेवा हो ।**

तपाईंले आफ्नो स्थानीय सार्वजनिक पुस्तकालयमा निम्न पनि पाउनुहुनेछ:

- तिनीहरुले तपाईंको भाषा नबोलेता पनि मानिसहरु तपाईंको मद्दतको लागि हुनेछन्
- सबै उमेरका व्यक्तिहरुका लागि विभिन्न सेवाहरु र क्रियाकलापहरु ।

कार्यदिनहरु, साँझको समय र सप्तांहको समयमा पुस्तकालय **खुल्ने समय** एक पछि अर्को पुस्तकालयमा फरक छ।

**सहभागी हुन सजिलो छ ।** तपाईं बस्ने वा काम गर्ने ठाउँ नजिकैको पुस्तकालयमा आफ्नो नाम र हालको ठेगाना भएको परिचय दिने कागजात लिएर जानुहोस् । सामान्यतया बालबालिकालाई सहभागी हुन अभिभावकको हस्ताक्षरको आवश्यकता पर्दछ ।

**सार्वजनिक पुस्तकालयहरु सबैको लागि हो: तपाईं, तपाईंको परिवार र साथीहरु**

Produced by the State Library of New South Wales
www.sl.nsw.gov.au 2014